नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITYY
लुम्बिनी प्रदेश कार्यालय

बीमासम्बन्धी प्रदेश स्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्बन्धी सूचना !!

सूचना प्रकाशन मितिः २०८३/०७/२०

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार बीमासम्बन्धी जनचेतना अभिवृद्धि गर्ने र विद्यार्थी तथा सर्वसाधारणमा बीमाको महत्त्व बुझाउने उद्देश्यले **'प्रदेश स्तरीय बीमा सम्बन्धी हाजिरी जवाफ प्रतियोगिता-२०८३'** आयोजना गर्न लागिएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ४५ दिनभित्र यस प्रदेशभित्रका १०+२ मा अध्ययनरत विद्यार्थीले विद्यालयको लेटर हेडमा मनोनयन गरिएका ३ जना विद्यार्थीको विवरणसहितको पत्र कार्यालयको इमेल ठेगानामा पठाई आफ्नो नाम दर्ता गराउनुहुन अनुरोध गरिन्छ।

कार्यक्रमको नाम

प्रदेश स्तरीय बीमासम्बन्धी हाजिरी जवाफ प्रतियोगिता-२०८३

प्रतियोगिताको विषयवस्तु

विषयवस्तुहरू	अङ्कभार
नेपाल बीमा प्राधिकरणको सामान्य जानकारी	१० प्रतिशत
बीमा व्यवसाय सम्बन्धी जानकारी (जीवन, निर्जीवन, पुनर्बीमा र लघुबीमा)	५० प्रतिशत
बीमासम्बन्धी कानुनी व्यवस्था बारेमा सामान्य जानकारी	१० प्रतिशत
बीमा र अर्थतन्त्र	२० प्रतिशत
बीमाका अन्तर्राष्ट्रिय अभ्यास	१० प्रतिशत
द्रष्टव्यः समसामयिक विषयसँग सम्बन्धित सामान्य ज्ञान पनि समावेश हुने छ ।	

पुरस्कार सम्बन्धी व्यवस्था

प्रथम पुरस्कार | प्रमाणपत्र र करसहित नगद रू. २०,०००/-

द्वितीय पुरस्कार | प्रमाणपत्र र करसहित नगद रू. १५,०००/-

तृतीय पुरस्कार | प्रमाणपत्र र करसहित नगद रू. १०,०००/-

प्रतियोगिताका नियमहरू देहायबमोजिम रहने छन् :

- प्रत्येक सहभागीले विद्यालयको मनोनयनपत्र तथा आधिकारिक परिचयपत्र साथमा राखि पेस गर्नुपर्ने छ।
- प्रत्येक समूहमा ३ जनासम्म बिद्यार्थी सहभागी हुन सक्ने छन्। साथै समूहको नेतृत्वकर्ताको विवरण उल्लेख गरी पेस गर्नुपर्ने छ।
- नेपाल बीमा प्राधिकरणले आयोजना गरेको हाजिरी जवाफ प्रतियोगितामा सहभागी भएर विजेता भइसक्नुभएका व्यक्तिहरुलाई पुनः सहभागी हुन पाइने छैन।
- प्रतियोगितासम्बन्धी अन्तिम निर्णयको अधिकार बीमा प्राधिकरण लुम्बिनी प्रदेश हाजिरी जवाफ प्रतियोगिता व्यवस्थापन उपसमितिलाई हुने छ।
- प्रतियोगिता सञ्चालन हुने मिति, समय र स्थानसम्बन्धी जानकारी पुनः सूचना प्रकाशन गरी तथा दर्ता भएका समूहलाई सम्पर्क गरी जानकारी गराइने छ।
- रित पूरा नभएका निवेदकहरुलाई प्रतियोगितामा सहभागी गराइने छैन।

थप जानकारीका लागी सम्पर्क ठेगाना

बुटवल-११, कालिकानगर, रुपन्देही सम्पर्क नं.: ०७१-५९१५०१, ५९१५०२

Email: infolp@nia.gov.np Mobile No.: 9857079501 Website: www.nia.gov.np

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITYY
लुम्बिनी प्रदेश कार्यालय

बीमासम्बन्धी प्रदेश स्तरीय निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचना !!

सूचना प्रकाशन मितिः २०८३/०७/२०

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बीमासम्बन्धी जनचेतना अभिवृद्धि गर्ने र विद्यार्थी तथा सर्वसाधारणमा बीमाको महत्त्व बुझाउने उद्देश्यले **"प्रदेश स्तरीय बीमासम्बन्धी निबन्ध लेखन प्रतियोगिता-२०८३"** आयोजना गर्न लागिएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ४५ दिनभित्र यस प्रदेशभित्रका स्नातक तहमा अध्ययनरत विद्यार्थीले निबन्ध तयार गरी कार्यालयको इमेल ठेगानामा पठाई आफ्नो नाम दर्ता गराउनुहुन अनुरोध गरिन्छ।

कार्यक्रमको नाम

प्रदेश स्तरीय बीमासम्बन्धी निबन्ध लेखन प्रतियोगिता-२०८३

प्रतियोगिताको विषयवस्तु

'जलवायु परिवर्तनका जोखिम र बीमाका माध्यमबाट सुरक्षण'
'Climate change risks and protection through Insurance'

निबन्ध मूल्याङ्कनको मापदण्ड देहायबमोजिम हुने छ ।

क्र.सं.	मापदण्ड	गुणाङ्क (%)	तथ्य
१	विषयवस्तुको ज्ञान	४० प्रतिशत	मुख्य विषय, तथ्य, सन्दर्भ, विचार वा सन्देश
२	भाषा तथा शैली	२० प्रतिशत	वाक्य गठन, पूर्वापर सम्बन्ध, अनुच्छेद विन्यास, बिम्ब, अलङ्कार एवम् भाषिक सौन्दर्य
३	संरचना	१० प्रतिशत	विषयको आरम्भ (उठान), विकास र निष्कर्ष
४	सृजनशीलता	२० प्रतिशत	मौलिकता, सिर्जनात्मकता र वैचारिक स्पष्टता
५	व्याकरण/शुद्धलेखन	१० प्रतिशत	मानक वर्णविन्यास तथा भाषिक नियम

पुरस्कार सम्बन्धी व्यवस्था

प्रथम पुरस्कार | प्रमाणपत्र र करसहित नगद रू. १५,000/-

द्वितीय पुरस्कार | प्रमाणपत्र र करसहित नगद रू. १0,000/-

तृतीय पुरस्कार | प्रमाणपत्र र करसहित नगद रू. ५,000/-

प्रतियोगिताका नियमहरू देहायबमोजिम रहने छन् :

- प्रत्येक सहभागीले तयार गरेको निबन्ध तथा हाल सालै खिचिएको PP Size Photo, अध्ययन गरिरहेको शैक्षिक संस्थाको आधिकारिक परिचयपत्र साथमा राखेर पेस गर्नुपर्ने छ।
- निबन्ध लेखनको माध्यम भाषा नेपाली वा अङ्ग्रेजीमध्ये एक हुनु पर्ने छ। नेपाली भाषामा भए युनिकोड फन्ट (कालिमाटी १२ फन्ट साइज, कोकिला १६ फन्ट साइज) र अङ्ग्रेजी भाषामा भए Times New Roman १२ फन्ट साइज हुनुपर्ने छ।
- निबन्ध कम्तीमा १५०० शब्दको हुनुपर्ने छ।
- नेपाल बीमा प्राधिकरणले आयोजना गरेका निबन्ध लेखन प्रतियोगितामा सहभागी भई विजेता भई सक्नु भएका व्यक्तिहरुलाई पुनः सहभागी हुन दिइने छैन।
- प्रतियोगितासम्बन्धी अन्तिम निर्णयको अधिकार नेपाल बीमा प्राधिकरण लुम्बिनी प्रदेश निबन्ध लेखन व्यवस्थापन उपसमितिलाई हुनेछ।
- रित पूरा नभएका निवेदकहरूलाई प्रतियोगितामा सहभागी गराइने छैन।

थप जानकारीका लागी सम्पर्क ठेगाना

बुटवल-११, कालिकानगर, रुपन्देही सम्पर्क नं.: ०७१-५२१५०१, ५२१५०२
Email: infolp@nia.gov.np Mobile No.: 9857079501 Website: www.nia.gov.np